# समग्र मूल्याङ्कन
## प्रमुख सकारात्मक तथा देखिने काम

१. सरकारको चालु खर्च घटाउने क्रममा १४ मन्त्रालयलाई ८ मन्त्रालयमा कायम गरी यसै आर्थिकवर्षबाट लागू गरिएको छ ।

२. प्रशासनिक पुर्नसंरचना गर्दा निजामति कर्मचारीको तलवभत्ता २० प्रतिशतले बृद्धि गर्दा पनि गत आर्थिक वर्षको तुलनामा ५ प्रतिशत कम हुनेगरी बजेट विनियोजन भएको छ । गत आर्थिक वर्षमा ३९ प्रतिशत चालु आर्थिक वर्षमा ३४ प्रतिशत कायम भएको छ ।

३. मितव्ययिता अपनाउने क्रममा मुख्यमन्त्री तथा मन्त्रीपरिषदको सदस्यहरुको सेवा तथा सुविधामा भारी कटौती गरिएको छ ।

४. मुख्यमन्त्रीको सेवा-सुविधाबाट विपन्न परिवारका लागि २ वटा घर मनहरी गाउँपालिका ९ की दलित, एकल महिला मिठुमायाँ सुनार र कैलाश गाउँपालिका ४ का अतिविपन्न चेपाङ समुदायका लालकुमार प्रजाको घर निर्माण गरी हस्तान्तरण गरिएको र राक्सीराङ गाउँपालिका १ का अतिविपन्न चेपाङ समुदायका सुमनसिं चेपाङको घर निर्माणको क्रममा रहेको र चाँडै नै हस्तान्तरण गरिनेछ ।

५. जेन्जी विद्रोहबाट क्षतविक्षत भएका भौतिक संरचनाहरुको समयमै मर्मत संभार तथा पुर्ननिर्माण गरी दैनिक सेवा सुचारु गरिएको छ ।

६. यातायात डिजिटलाइजेशन तथा सेवा सुधारको प्रकिया बढाईएको छ ।

७. No Helmet, No Fuel अभियान सुरु गरिएको छ ।

८. बजेट विनियोजनका क्रमलाई सुधार गरी टुक्रे/साना योजना घटाई २४ हजार योजना संख्याबाट १३ हजारमा कायम गरिएको छ ।

९. प्रदेश भित्रका विपन्न, दलित तथा सीमान्तकृत परिवार लक्षित १००० आवास निर्माण गरी गरिखानको लागि शिप र पूँजी हस्तान्तरण गरी गरिबमुखी कार्यक्रम बजेट विनियोजन गरिएको छ ।

१०. जेन्जी विद्रोहको क्रममा जलेका कारणले सवारी साधन अभाव रहेको प्रहरीबाट माग भई आए बमोजिम प्रदेश प्रहरी कार्यालय, उपत्यका ट्राफिक प्रहरी कार्यालय र उपत्यका प्रहरी कार्यालयलाई ८५ वटा मोटरसाईकल तत्काल हस्तान्तरण गरिएको थियो । जसको कारण शान्ति सुरक्षा ब्यवस्था गर्न प्रहरीलाई थप मद्दत पुगेको छ ।

११. स्वरोजगार कर्जामा ब्याज अनुदान कार्यक्रमको ब्यवस्था गरी प्रदेशवासीको लागि उद्योग, घरेलु, हस्तकला, कृषि तथा कृषि उद्योग, पर्यटन, यातायात, ब्यापार व्यवसाय, वन तथा बाताबरण, महिला तथा विपन्न, दलित समुदायमा उद्यमशिलता, आईटी उद्यम, स्टार्टअप कर्जालगायतमा ब्याज अनुदान कार्यक्रम लागू गरी रोजगार तथा आर्थिक गतिविधि बढाईएको छ ।

१२. प्रदेशको प्रशासनिक भवन निर्माणका लागि संघीय सरकारमार्फत जग्गा प्राप्ती गरी रुख कटान कार्य सुरु गरिसकेको र निर्माण निर्माण प्रक्रिया अगाडी बढेको छ ।

१३. प्रदेश प्रशासनिक पुर्नसंरचना (O&M) समिति गठन तथा प्रतिवेदन प्राप्त गरी कार्यान्वयनको चरणमा रहेको छ ।

१४. प्रदेश गौरवका योजनाको क्रममा रहेको हेटौंडाको गौरीटार र ललितपुरको गोदावरी रंगशालालाई बहुबर्षिय बनाई निर्माण प्रक्रिया अगाडी बढाईएको छ ।

१५. 'पहिले मर्मत, त्यसपछि नयाँ सडक निर्माण नीतिको व्यवस्था गरी सडक पुर्ननिर्माणलाई प्राथमिकता दिईएको छ ।

१६. जनताको गुनासो सुन्न हेलो सिएम पोर्टल मुख्यमन्त्री कार्यालयमा स्थापना गरिएको छ ।

१७. बिपन्नलाई छात्रबृत्ती कार्यक्रम अर्न्तगत मेडिकल डाक्टर, भेटनरी डाक्टर, स्टाफ नर्श, ईन्जिनियर, जेटिएलगायतलाई कार्यविधि बनाई छात्रबृत्ति दिन सुरुवात गरिएको छ ।

१८. युवा स्वरोजगार तथा आधारभुत विद्यालयहरुमा आईटी शिक्षाको लागि मुख्यमन्त्री नवप्रबर्द्धन कार्यक्रमलाई बजेट ब्यवस्थापन गरिएको छ ।

१९. ग्रामीण क्षेत्रमा रोजगारी श्रृजना गर्ने उद्देश्यले मुख्यमन्त्री सडक उद्धमशिलता कार्यक्रमलाई बजेट ब्यवस्थापन गरिएको छ ।

२०. डिजिटल बजेट ट्र्याकिङ्ग सिस्टमको लागी यसै आर्थिक वर्षबाट लागू गर्नेगरी बजेट व्यवस्थापन गरिएको छ ।

२१. मदन भण्डारी स्वास्थ्य बिज्ञान प्रतिस्ठान स्तरिकरणको लागी बजेट ब्यबस्थापनका साथै एमविवियस र एमडी/एमएसको अध्ययन अध्यापन तथा संचालन गरिएको छ ।

२२. लामो समयदेखि रोकिएका ६ वटा कलेजहरुलाई बागमती विश्व विद्यालयको आंगिक कलेजको मान्यता दिई अध्ययन अध्यापन सुरु गरिएको छ ।

२३. सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश घोषणा गरिएको छ । मानव सेवा आश्रमलाई ५ करोडको अक्षय कोष र ३ करोड बार्षिक बजेट ब्यवस्थापन गरिएको छ ।

२४. प्राङगारिक मल कारखाना स्थापनाका लागि बजेट व्यवस्थापन गरिएको छ ।

२५. सहकारी पीडितको रकम फिर्ता सुरु गरिएको छ । ५ वटा सहकारी (सिभिल बचत तथा ऋृण सहकारी, सुमेरु बचत तथा ऋृण सहकारी, लालीगुराँस बहुउद्दश्यीय सहकारी, नेशनल नमोबुद्ध बचत तथा ऋृण सहकारी र दर्शन बचत तथा ऋृण सहकारी) का ९ सय ११ जना साना बचतकर्ताले रकम फिर्ता पाईसकेका छन् ।

२६. एक निर्वाचन क्षेत्र, एक प्रमुख पर्यटन गन्तव्यका लागि बजेट ब्यवस्थापन गरिएको छ।

२७. अन्तरतह समन्वय शाखा मुख्यमन्त्री कार्यालयमा स्थापना गरिएको छ।

२८. श्रमजिवी पत्रकारहरुको स्वास्थ्य बिमा कार्यक्रमलाई बजेट ब्यवस्था गरिएको छ ।